# आर्थिक बर्ष २०७६/७७

# को

# बजेट वक्तब्य

## मोदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पातिचौर, पर्वत
## २०७६

**मोदी गाउँपालिकाको तर्फबाट पाँचौ गाउँसभामा उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री सेती महतज्यूबाट प्रस्तुत गरिएको आर्थिक वर्ष ०७६/०७७ को प्रस्तावित बजेट वक्तव्य**

**श्रद्धेय यस गरिमामय सभाका अध्यक्ष ज्यू,**
**गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**विषयगत शाखाका प्रमुख ज्यूहरु**
**सम्पुर्ण राष्ट्रसेवक कर्मचारी साथीहरु र संचारकर्मी मित्रहरु,**
**लगायत उपस्थित सम्पूर्ण सहभागीहरुलाई गाउँसभामा आ.व.०७६।७७ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकका तर्फबाट हार्दिक स्वागत गर्दै यो ऐतिहासिक अवसर मलाई प्राप्त भएकोमा म आफुलाई गौरवान्वित ठानेकी छु।**

श्रद्धेय अध्यक्ष एवं सदस्यज्यूहरु,

१) सर्वप्रथम मुलुकमा लोकतन्त्रिक गणतन्त्रको स्थापनाका लागि नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक जनआन्दोलनको क्रममा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु।

२) वर्तमान सरकारले **"समृद्ध नेपाल सुखी नेपाली"** बनाउने जुन दीर्घकालीन उद्देश्य राखेको छ र त्यही दिर्घकालिन उद्देश्य पुरा गर्नका लागि आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अघि वढिरहेको छ। सवै गाउँवासीका लागि मर्यादित काम, न्युनतम खाद्य सुरक्षा, आधारभुत स्वास्थ्य शिक्षाको सुविधा, वडा कार्यालयको केन्द्र सम्म सहज सडक, स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता आवश्यकताहरुको परिपुर्ति र हाम्रो समाजबाद तर्फको यात्राको प्रस्थान विन्दु हुनेछ।

३) आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, विनियोजन विद्येयक २०७५ को सिद्धान्त र प्राथमिकता, स्थानीय सरकार संचालन ऐन २०७४, मोदी गाउँपालिकाको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकास लक्ष्य र गाउँसभामा सदस्यहरुले दिनु भएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएकी छु। बिभिन्न राजनीतिक दल, संघ संस्था, विद्वत् वर्ग र स्वदेश तथा विदेशमा रहनु भएका दिदी–बहिनी, दाजुभाईहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएकी छु।

४) जनआकांक्षा सम्वोधन गर्ने क्रममा सीमित बजेटबाट असिमित मागहरु सम्वोधन गर्नु निश्चय नै सहज छैन तापनि मेरा बलवुताले भएसम्म ठुला, दिगो विकासमा टेवा पुग्ने र गाउँबासीको जिवन

स्तरलाई माथी उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेकी छु।

५) आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपना लगायतका क्षेत्रमा थुप्रै चुनौतीहरुलाई सम्वोधन गर्नेक्रममा प्राप्त मागहरुलाई संघीय सरकार र प्रदेश सरकारको कार्यक्रमहरुसंग समन्वय र साझेदारीमा समेत अगाडि बढाईनेछ।

६) स्थानीय तहको विकासका माध्यमद्वारा अपेक्षित उद्देश्यहरु हासिल गर्न जननिर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए बमोजिम नेपालको संविधान २०७२ ले स्थानीय सरकारको परिकल्पना गरे अनुसार २०७४ बैशाख ३१ गते आम निर्वाचन सम्पन्न भई यस गाउपालिकाको नेतृत्व सम्हालेको २ वर्ष पुरा भएको छ । गाउँपालिकाको विकास तथा स्थानीय तहको संचालनमा यस अगाडि राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायबाट प्राप्त गरेका रचनात्मक एव सृजनात्मक सहयोगका लागि म सबै प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधिलाई यस्तै सहयोगको निरन्तरताको अपेक्षा गर्दछु । साथै हामी जननिर्वाचित सबै सदस्यहरु फुटेर होइन जुटेर बहुमतिय होईन सहमतिय अभ्यासबाट एक भई अगाडि बढ्ने छौ भन्ने प्रण गर्दछु।

**श्रद्धेय अध्यक्ष एवं सदस्य ज्यूहरु,**

७) अब म चालु आर्थिक वर्षको आर्थिक अवस्थाको बारेमा जानकारी गराउन अनुमति चाहान्छु । आजसम्म यस गाउँपालिकाको चालु खर्च ८१.९७ प्रतिशत र पूँजीगत खर्च ७९.५९ गरी कुल खर्च ८१.३५ प्रतिशत भएको जानकारी गराउन चाहान्छु।

८) चालु आ.व. मा रु १ करोड १२ लाख कुल राजश्व अनुमान गरिएकोमा ढुंगागिट्टी वालुवा संकलनमा स्थानीयहरुको अवरोधका कारण हामीले ५३ लाख मात्र आन्तरिक राजश्व संकलन गर्न सफल भएका छौं।

९) “मोदी गाउँपालिकाको विकासका पाँच आधारः **जलविद्युत, कृषि, पर्यटन, पर्यावरण र भौतिक पुर्वाधार”** भन्ने मोदी गाउँपालिकाको दीर्घकालिन सोचलाई सार्थक पार्ने प्रयत्नका साथ आगामी आ.व.को लागि यस बजेटले समेटेका मुख्य उद्देश्य, क्षेत्र तथा मोदी गाउँपालिकाका गौरवका योजनाहरु तपसिल बमोजिम रहेको अवगत गराउन चाहान्छु।

- अर्थतन्त्रलाई उत्पादनमूखी, रोजगारी प्रर्वद्धन, आत्मनिर्भर र निर्यातमूलक बनाउन उपलब्ध स्रोत साधनको दिगो व्यवस्थापनबाट उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।
- उर्जा, पर्यटन, वन, कृषि, पशुपालन, फलफुल, उद्योग र भौतिक पूर्वाधार विकासलाई मुख्य रुपमा विकासको आधार बनाईने।

- गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्ने, प्रविधिमा आधारित कक्षा संचालन गर्ने र शिक्षक नभएका माध्यमिक विद्यालय शिक्षक दरबन्दी सिर्जना गरिने छ।
- मोदी गाँउपालिकामा माछापालन व्यवसायलाई व्यवसायिकिकरण गर्न एकीकृत मत्स्यपालन कार्यक्रम संचालन गरिने छ।
- आर्थिक सम्बृद्धिका लागि लघुउद्यम कार्यक्रम संचालन गर्ने।

**गाउँसभाका अध्यक्ष महोदय,**

१०) प्रस्तुत बजेट समृद्ध मोदी निर्माणको लक्ष्य तथा सीमित साधनको अति उत्तम परिचालन मार्फत मोदीको समग्र विकास गर्ने उद्देश्यका साथ तर्जुमा गरेकी छु।

११) बजेटमा गाउँपालिकाले आफै निर्णय गरी विनियोजन गर्ने रकमको सन्दर्भमा साविककै तपसिल बमोजिमका क्षेत्रहरुलाई प्राथमिकतामा राखेकी छु।

- पूर्वाधार विकास
- आर्थिक विकास
- सामाजिक विकास
- संस्थागत विकास, सेवा प्रवाह र सुशासन
- वन, वातावरण र विपद व्यवस्थापन

**पूर्वाधार विकास**

१२) मोदी गाउँपालिकाको आफ्नो कार्यालय भवन निर्माण सम्पन्न गर्ने साथै ५ वर्ष भित्र वडा कार्यालयहरुको भवन निर्माण गर्ने नीति अनुरुप आगमी आ.व.मा वडा नं. ७ को वडा कार्यालय भवन निर्माण गर्ने र गाउँपालिका भित्रका शाखा सडकहरु पनि बाह्रै महिना चल्ने गरी स्तरोन्नती गर्ने, पालिकाको आफ्नै पहलमा एक वटा झोलुङ्गे पुल निर्माण गर्ने, पर्यटन प्रबर्द्धनका लागि पदमार्गहरु निर्माण गर्न पूर्वाधार विकास शिर्षकमा रु. ७ करोड ४ लाख रकम विनियोजन गरेकी छु।

**स्वास्थ्य**

१३) मोदी गाउँपालिका भित्र स्वास्थ्य संस्था संचालनको लागि औषधी खरिदका लागि २२ लाख र कार्यालय संचालनको लागि बजेट विनियोजन गरेकी छु साथै लौसीबोट स्वास्थय चौकीमा ल्याब स्थापना गरि जनशक्तिको व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

**शिक्षा**

१४) मोदी गाउँपालिका भित्रका ४ वटा माध्यमिक विद्यालयमा माध्यमिक शिक्षकको दरबन्दी नभएकाले दरबन्दी सिर्जना गरि आवश्यक बजेट व्यवस्थापन गरिएको छ र विद्यालकको पुर्वाधार निर्माणमा प्रशस्त बजेट र शैक्षिक गुणस्तर अभिवृद्धि लागि प्रविधि युक्त कक्षा संचालन गर्ने आवश्यक बजेट विनियोजन गरेकी छु।

लक्षित वर्ग, लैंगिक समानता तथा सामाजिक विकास तर्फः

१५) मोदी गाउँपालिका भित्र जेष्ठ नागरिकहरुको जिवनयापन सहज बनाउन जेष्ठ नागरिक विश्राम स्थल तथा दिवा सेवा कार्यक्रम संचालनको साथै जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि बजेट विनियोजन गरेकी छु।

१६) विपन्न तथा दलितहरुलाई सहकारिताको माध्यमबाट सवल बनाउन तथा आय आर्जन सहभागी गराउने आवश्यक बजेट विनियोजन गरेकी छु।

**आर्थिक विकास तर्फः**

१७) मोदी गाउँपालिका भित्र आर्थिक विकास मार्फत जनताको जीवनस्तरमा सुधार ल्याउन एक वडा एक हाइटेक नर्सरी स्थापना गर्नको लागि २० लाख बजेट विनियोजन गरेकी छु।

१८) कृषिको लागि अत्यन्त उर्वर मानिएको यस मोदी गाउँपालिकामा कृषिमा यन्त्रीकीकरण गर्न बजेट विनियोजन गरेकी छु। सुन्तला लगायतका फलफुल र तरकारी भण्डारणको लागि शीत भण्डार स्थापनाको लागि आवश्यक रकम विनियोजन गरेकी छु।

**उद्योग तथा वाणिज्यः**

१९) मोदी गाउँपालिकामा लघु उद्यमीलाई प्रविधि हस्तारण गरी सवल बनाउन लघुउद्यम विकास कार्यक्रमको लागि रु. ६० लाख विनियोजन गरेकी छु।

**बन तथा वातावरण तर्फः**

२०) मोदी गाउँपालिकालाई स्वच्छ र हराभरा बनाउन स्थानीय स्तरमा नर्सरी व्यवस्थापन र बृक्षारोपण कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेकी छु साथै मोदी जलाधार संरक्षण कार्यक्रम, बन वातावरण तथा जलबायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यक्रम र विपद ब्यवस्थापनको लागि ४२ लाख बजेट विनियोजन गरेकी छु।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

२१) मोदी गाउँपालिकाले प्रदान गर्ने सेवा छिटो, छरितो र सेवाग्राही मैत्री बनाउन डिजिटल नागरीक वडापत्र, जनताको घर दैलोमा पुगी सेवा प्रवाह गर्न, सम्पूर्ण वडाहरुमा ईन्टरनेटको व्यवस्था गरी ई–गभरनेन्स सेवा र सुशासनको प्रत्याभूति गर्न सार्वजानिक सुनवाई, सामाजिक परिक्षण लगायतका कार्य गर्नका लागि रु. ६७ लाख ५० हजार रकम विनियोजन गरेकी छु।

**आदरणीय अध्यक्ष ज्यू**

अब म मोदी गाउँपालिकाको आर्थिक वर्ष ०७६/७७ को समग्र क्षेत्रगत प्रस्तावित कार्यक्रम र बजेटको सार संक्षेप प्रस्तुतिका लागि अनुमति चाहन्छु।

**आय तर्फः**

| क सं | आय शिर्षक | रकम | अक्षरमा |
|---|---|---|---|
| १ | आन्तरिक आय | २०४४५००० | २ करोड ४ लाख ४५ हजार |
| २ | राजश्व वाडफाड संघिय सरकार | ७१३००००० | ७ करोड १३ लाख |
| ३ | राजश्व वाडफाड प्रदेश सरकार | ३४९०००० | ३४ लाख ९० हजार |
| ४ | वित्तिय समानीकरण संघिय सरकार | ९१०००००० | ९ करोड १० लाख |
| ५ | वित्तिय समानीकरण प्रदेश सरकार | १२०८९००० | १ करोड २० लाख ८९ हजार |
| ६ | सशर्त अनुदान संघिय सरकार | २३०००००००० | २३ करोड |
| ७ | सशर्त अनुदान प्रदेश सरकार | ९०००००० | ९० लाख |
| ८ | रोयल्टी वाडफाड (पर्वतारोहण ) | १५७८९ | १५ हजार ७८९ |
| ९ | रोयल्टी वाडफाड (जलविद्युत ) | १२४७४०५१ | १ करोड २४ लाख ७४ हजार ५१ |
| १० | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम | ६०००००००० | ६ करोड |
| | जम्मा: | ५०९८१३८४० | ५० करोड ९८ लाख १३ हजार ८४० |

व्यय तर्फ

| क्र.स. | व्यय | रकम | अक्षरमा |
|---|---|---|---|
| १. | चालु खर्च | ५२७१३८४०।०० | ५ करोड २७ लाख १३ हजार ८४० |
| २. | पूँजिगत तथा कार्यक्रम खर्च | १३८१००००।०० | १३ करोड ८१ लाख |
| ३ | सर्शत खर्च संघीय सरकार | २३०००००००।०० | २३ करोड |
| ४ | सर्शत खर्च प्रदेश सरकार | ९००००००।०० | ९० लाख |
| ५. | समपुरक कोष | १,५०,००,०००।०० | १ करोड ५० लाख |
| ६. | आकस्मिक कोष | ५०,००,०००।०० | ५० लाख |
| ७. | जेष्ठ नागरीक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम | ६००००००००।०० | ६ करोड |
| | जम्मा | ५०९८१३८४० | ५० करोड ९८ लाख १३ हजार ८४० |

अन्त्यमा, यो बजेट निर्माण कार्यमा संलग्न रही सहयोग पुर्याउनु हुने सम्पूर्ण जन–प्रतिनीधिज्यूहरु, कर्मचारी मित्रहरु, नागरिक समाज, वौद्धिक वर्गका साथै समग्र मोदी गाउँवासीहरु प्रति हार्दिक आभार प्रकट गर्दै यो वजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेकी छु।

**धन्यवाद।**

**सेती महत**
**उपाध्यक्ष**